# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।

☏: 067 – 411101, 067 – 411102
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np


## कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१०**

यस गाउँपालिकाको कृषि/पशु सेवा शाखा अन्तर्गत आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम संचालनको लागि गाउँपालिका भित्रका ईच्छुक कृषक /कृषि फर्म/पशुपन्छी फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले **१५ दिन** (मिति २०७९/१०/२५ गते) भित्रमा निवेदन र तोकिए बमोजिमको ढाँचामा विवरण भरी देहाय अनुसारको कागजातहरू सहित पैयूँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि/पशु सेवा शाखा हुवास, पर्वतमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| क्र.सं. | कार्यक्रमहरूको विवरण | अनुदानग्राहीले व्यहोर्नुपर्ने | परिमाण | विनियोजित बजेट | लक्षित समूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | साना सिँचाई मर्मत कार्यक्रम | दश प्रतिशत (१०%) | ७ | १४ लाख | कृषक समूह/कृषि फर्म/कृषि सहकारी संस्था | |
| २. | ५०% साझेदारीमा कृषि यान्त्रिकीकरण वितरण कार्यक्रम | पचास प्रतिशत (५०%) | ३५ | १० लाख | कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्था | |
| ३. | २५% साझेदारीमा टनेल वितरण कार्यक्रम | पचिस प्रतिशत (२५%) | ७५ | ३ लाख | कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्था | |
| ४. | पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम | पुर्वाधारमा दश प्रतिशत (१०%)/ अन्यमा पचास प्रतिशत (५०%) | २८ | १० लाख | पशुपन्छी फर्म/कृषक समूह/कृषि सहकारी संस्था | |
| ५. | छाडा चौपाया व्यवस्थापन कार्यक्रम | पुर्वाधारमा दश प्रतिशत (१०%)/ अन्यमा पचास प्रतिशत (५०%) | १ | ५० हजार | पशुपन्छी फर्म/कृषक समूह/कृषि सहकारी संस्था | |

आवश्यक कागजात:

१. तोकिए बमोजिमको ढाँचामा निवेदन र कार्यक्रम प्रस्तावना सहितको व्यवसायिक कार्ययोजना।
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी वा कृषक समूह/कृषि सहकारीको हकमा संचालक समितिका पदाधिकारीहरुको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।
३. कृषि फर्म/पशुपन्छी फर्म/कृषक समूह/कृषि सहकारीको हकमा दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बरको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
४. कृषक समूह/कृषि सहकारीको हकमा संस्था संचालक समितिको कार्यक्रम माग गर्ने बैठकको निर्णयको प्रतिलिपी।
५. कार्यक्रम संचालन हुने जग्गाको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी वा ५ वर्ष लिजमा लिएको करारनामा पत्रको प्रतिलिपी।
६. कार्यक्रम संचालन हुने सम्बन्धित वडा कार्यालयको उस्तै प्रकृतिको कार्यक्रममा अनुदान दोहोरो नपर्ने व्यहोरा सहितको सिफारिस पत्र।

(पुनश्च: तोकिए बमोजिमको निवेदन र कार्यक्रम प्रस्तावनाको फारम सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ।)

(सरोज पराजुली)
नि.प्रमुख प्रशासकीय अधिकृत